# अर्थ तथा सहकारी मन्त्रालय

## जानकारीमूलक ब्रोसर






## बजेट

## २०७९/०८०

## लुम्बिनी प्रदेश

श्रावण, २०७९

### १. मन्त्रालयको परिचयः

मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको नाममा स्थापना भई २०७८ साल भाद्र १३ गते बाट मन्त्रालयको नाम आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएकोमा प्रदेश सरकारको मिति २०७९।०३।३१ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ तथा सहकारी मन्त्रालय कायम भएको।

### २. मन्त्रीज्यूको प्रतिबद्धता मन्तब्यः



प्रदेश सरकार स्थापनाको पाँचौं वर्ष चलिरहँदा नागरिकका दैनिक जनजीवनसँगै हिड्न र भविष्यको सुन्दर मार्ग निर्माणको निम्ति हरदम प्रयासरत रहेको अवस्थामा प्रदेशका आर्थिक क्रियाकलापहरु आम जनतालाई सुसूचित गर्नु यस मन्त्रालयको समेत दायित्व रहन्छ । मन्त्रालयको गतिविधिको बारेमा जानकारी पाउनु सम्पूर्ण प्रदेशवासीको आफ्नो सूचनाको हक हो भन्ने बारेमा प्रदेश सरकार सचेत छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेश अर्थ तथा सहकारी मन्त्रालय समग्र प्रदेशको आर्थिक क्रियाकलापबारे ब्रोसर प्रकाशन सुरु गर्न लागेकोमा म सम्पूर्णमा खुसी व्यक्त गर्दछु।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकारहरु स्पष्ट रुपमा रहेको र ती अधिकारहरु अक्षरशः कार्यान्वयन गर्दै प्रदेशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउँदै संविधानले परिलक्षित गरेको राज्यको नीति तथा मार्गदर्शन अनुरुप समृद्धि सहितको समाजवादमा जान हामी आतुर रहेका छौं। यस प्रकाशनबाट गतिविधिहरुको प्रवाह भै पारदर्शिता मार्फत सुशासन कायम गर्न एक हदसम्म मद्दत पुग्नेछ। राज्यका सबै निकायलाई नवप्रवर्तन सौंचका साथ काम गर्न, असल अभ्यास र नमूना कार्यहरुको प्रचार प्रसार गरी अनुकरण गर्न प्रोत्साहन गर्नुका साथै प्रदेश सरकारले लिएको "**समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश**" को सपनालाई लागू गर्नमा सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु।

अन्तमा, यो प्रकाशनले आम जनसमुदायलाई प्रदेश अर्थतन्त्र र यहाँका सम्पूर्ण आर्थिक गतिविधि, सम्भावनाहरुका साथै योजनाबारे जानकारी गराई पाठक, अनुसन्धाता तथा जिज्ञासुहरूको ज्ञानको तिर्खा केही मात्रामा मेटाउन सक्नेछ भन्ने विश्वास लिएको छु, साथै नियमित प्रकाशन हुने प्रतिवद्धता ब्यक्त गर्दछु।

**कृष्ण ध्वज खड्का**
**मा. मन्त्री**

### ३. कार्य जिम्मेवारीः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति, आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण, वित्तीय व्यवस्थापन, प्रदेश विनियोजन ऐन, प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन,
- वित्तीय व्यवस्थापन, प्रदेश राजश्व र राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना, वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशको आर्थिक कार्यविधि, प्रदेशको सार्वजनिक खर्च सम्वन्धी नीति

तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन तथा प्रदेश संचित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

☞ प्रदेश विनियोजन ऐन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,

☞ संघ र स्थानीय तहसँग अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन,

☞ सहकारी विकास तथा व्यवस्थापन, नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन, सञ्चालन, अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन, परिचालन लगायतका सहकारी क्षेत्रसँग सम्बन्धित विषयवस्तुहरु ।

## ४. मन्त्रालय र अन्तर्गत रहेका संरचना:




## ५. आ.व. २०७८/७९ मा भएका महत्वपूर्ण उपलब्धिहरु:

☞ प्रदेश मन्त्रालयहरुले मस्यौदा गरेको कार्यविधि, निर्देशिका, विधेयक, नियमावलीको मस्यौदा उपर राय, परामर्श उपलब्ध गराइएको,

☞ प्रदेश सरकारको निकायका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न दरबन्दी सिर्जना गर्ने सम्बन्धमा राय/सहमति उपलब्ध गराइएको,

☞ सहकारी दर्ता अधिकारीको कार्यालय २०७८ चैत्रमा दाङको भालुवाङमा स्थापना भै कार्यसम्पादन भइरहेको,

☞ मध्यमकालीन खर्च संरचना प्रणाली (MTEF), समपूरक तथा विशेष अनुदान व्यवस्थापन विद्युतीय प्रणाली (CS grants) यस मन्त्रालयले र प्रदेश परियोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PPBMIS) प्रदेश योजना आयोगवाट सञ्चालनको लागि स्वीकृत भै कार्यान्वयनको प्रक्रियामा रहेको,

☞ आ.व.२०७९/८० का लागि स्थानीय तहबाट समपुरक अनुदानको आयोजनाको प्रस्ताव विद्युतीय माध्यमको प्रणालीबाट माग गरी स्वीकृत भएका कार्यक्रमहरु कार्यान्वयनका लागि स्थानीय तहमा पठाइएको,

☞ प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ प्रयोगमा आएको,

☞ राजश्व परामर्श समिति गठन गरी सो अन्तर्गतका ७ वटा उपसमिति गठन गर्नुका साथै सो सम्बन्धमा अध्ययन गरी मन्त्रालयमा सुझाव सहितको प्रतिवेदन प्राप्त भएको,

☞ सवारी साधन कर बाँडफाँट सम्बन्धी कार्यहरु, प्रदेश सरकारको कर एवम् राजश्व सम्बन्धमा निजी क्षेत्रसँग छलफल एवम् अन्तरक्रिया,

☞ प्रदेश भित्रका १०९ वटै स्थानीय तहसँग बजेट, राजस्व तथा अनुदान सम्बन्धी अन्तर्क्रीया कार्यक्रम निम्न ४ स्थान (नेपालगञ्ज, घोराही, बुटवल र तानसेन) मा आयोजना सम्पन्न भएको,

☞ स्थानीय तहबाट भएका केही नमुनायोग्य कार्यहरु:

| क्र. सं. | स्थानीय तह | नमूनायोग्य काम |
|---|---|---|
| १ | गुल्मीदरबार गाउँपालिका, गुल्मी | बाँझो जग्गा उपयोगका लागि भूमि बैंङ्क स्थापना |
| २ | सुनवल नगरपालिका, नवलपरासी पश्चिम | एक वडा एक महिला उद्यम केन्द्र |
| ३ | धुर्कोट गाउँपालिका, गुल्मी | दुध र मासुमा आत्मनिर्भर बनाउन कृषि अनुदान |
| ४ | मधुवन नगरपालिका, बर्दिया | प्याज, बेसारको व्यावसायिक खेती |
| ५ | भूमिकास्थान न.पा.,अर्घाखाँची | होमस्टेमार्फत् कृषि पर्यटन प्रवर्द्धन |

*स्रोत: (स्थानीय तहहरुसँगको अन्तरक्रियामा सहभागीहरुबाट पेश)*

## ६. आ.व. ०७९/८० को बजेट तथा कार्यक्रममा समावेश मुख्य कार्यक्रमहरु:

- लगानी सम्मेलन, लुम्बिनी प्रदेश बैक स्थापना गर्ने,
- प्रदेशस्तरका करका स्रोतहरुको अध्ययन अनुसन्धान, बजेट, राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम तथा छलफल र अनुगमन,
- लक्षित समूह/समुदायका लागि सीप विकास तालीम र प्रविधिमा अनुदान सहयोग,
- गरिवी निवारणका लागि स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह एक सामुदायिक उद्यम कार्यक्रम, सहकारी संस्थालाई प्रविधि र पूर्वाधार निर्माणमा सहयोग र सामुहिक उत्पादन कार्यक्रम,
- सहकारीको सहयोगमा सार्वजनिक सुलभ पसल सञ्चालन, एकिकृत सहकारी नमूना गाउँ, सहकारी बजार स्थापना तथा सञ्चालन,
- सहकारी मार्फत् नविनतम सोंच सहितको उत्पादन र रोजगार कार्यक्रम तथा महिला उद्यमशिलता प्रवर्द्धन कार्यक्रम ।


## ७. प्रदेश सरकार मार्फत् सञ्चालन गरिने/गरिएका परियोजना चक्र




## ८. बजेट प्रक्रियामा संलग्न निकायहरु:-




## ९. बजेट तर्जुमा कार्य प्रवाह:–





## १०. चालु आ.व. ०७९/०८० को बजेट संरचना

### क. व्यय:–

**चालु आर्थिक वर्षको लागि रू. ४२ अर्ब ६३ करोड ५७ लाख बजेट विनियोजन गरिएको।**




### ख. आय:–




## ११. प्रदेशस्तरीय कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको अद्यावधिक विवरण (COPOMIS अनुसार)

| सहकारीका प्रकार | संख्या |
|---|---|
| बचत तथा ऋण | २४९ |
| बहुउद्देश्यीय | १९९ |
| कृषि | १३६ |
| दुग्ध | ३२ |
| उपभोक्ता | १३ |
| सञ्चार | १२ |
| अन्य | ७८ |
| जम्मा | ७१९ |

COPOMIS को पासवर्ड वितरण गरिएका सहकारी संस्था: २८६

COPOMIS प्रणालीमा LOG IN भएका सहकारी संस्था: २७८

## १२. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था

### क. आर्थिक तथा प्रशासनिक पक्षसँग सम्बन्धित:

- ☞ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४,
- ☞ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५,
- ☞ प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५,
- ☞ सालवसाली रुपमा ल्याइने प्रदेश विनियोजन ऐनहरु तथा प्रदेश आर्थिक ऐनहरु,
- ☞ संचित कोष सञ्चालन कार्यविधि, २०७४,
- ☞ प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८,
- ☞ सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५,
- ☞ प्रदेश घरजग्गा न्यूनतम मुल्य निर्धारण समिति (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६,
- ☞ विशेष अनुदान व्यवस्थापन कार्यविधि, २०७६,
- ☞ मनोरञ्जन कर नियमावली, २०७६,
- ☞ सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६,
- ☞ विज्ञापन कर नियमावली, २०७६,
- ☞ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७९ (प्रदेश सभामा दर्ता भई विचाराधीन रहेको)

### ख. सहकारी संस्थासँग सम्बन्धित

- ☞ प्रदेश सहकारी ऐन, २०७६
- ☞ प्रदेश सहकारी नियमावली, २०७६,
- ☞ प्रदेश सहकारी संस्था दर्ता दिग्दर्शन, २०७७,
- ☞ प्रदेश सहकारी एकीकरण कार्यविधि, २०७७,
- ☞ एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८,
- ☞ सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७८,
- ☞ सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८,
- ☞ सहकारीका माध्यमवाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८,
- ☞ सहकारीमा आधारित नमुना गाउँ स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८,
- ☞ सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि, २०७८,
- ☞ सहकारी विकास कोष परिचालन कार्यविधि, २०७७,
- ☞ सहकारी अनुगमन सम्बन्धी निर्देशिका, २०७७,

### ग. विविध

- ☞ प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५,
- ☞ तथ्याङ्क ऐन, २०७५
- ☞ कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८,

## १३. मन्त्रालयबाट सम्पादन भएका कार्यहरुको झलक






माननीय प्रदेश सभा सदस्यहरुसँग आ.व. ०७९/८० को बजेट तर्जुमा सम्बन्धी अन्तरक्रियाका केही तस्बिरहरु







स्थानीय तहसँग बजेट, राजस्व तथा अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम, पाल्पाका तस्बिरहरु






सहकारी दर्ता अधिकारीको कार्यालय, दाङ उद्घाटन कार्यक्रमका केही तस्बिरहरु

**प्रकाशन समूहको तर्फबाटः–**

अर्थ तथा सहकारी मन्त्रालयबाट सम्बन्धित सबैमा जानकारी एवम् सूचना सम्प्रेषणका लागि यो ब्रोसर प्रकाशित भएको छ। हरेक चौमासिक अवधिमा मन्त्रालयबाट सम्पादन भएका काम र अन्य महत्वपूर्ण विषयलाई समेटी ब्रोसर वा बुलेटिन प्रकाशित गर्ने क्रम शुरु भएको छ। यसको विषयक्षेत्र र गुणस्तरमा निरन्तर निखार ल्याउँदै जानेछौं। ब्रोसर वा बुलेटिनलाई सफ्ट कपीका रुपमा वेवसाइटमा समेत राखेका छौं। रचनात्मक सुझाव र पृष्ठपोषणको लागि अनुरोध समेत गर्दछौं।

**सम्पादन समूहः**

सल्लाहकारः नेत्र सुवेदी 'प्रयास', सचिव
संयोजकः रामबहादुर कार्की, उपसचिव
सदस्यः महेश पाण्डे, उपसचिव/रजिष्ट्रार
सदस्यः सुरेश भुसाल, शाखा अधिकृत
सदस्यः लक्ष्मण पौडेल, लेखा नियन्त्रक
सदस्य-सचिवः श्यामकुमार पौडेल, अधिकृत सातौ
कम्प्युटर सपोर्टः अर्जुनराज पाण्डे


**सम्पर्कः**

**अर्थ तथा सहकारी मन्त्रालय**

**लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल**

**फोन :** +९७७-०७१-५५००६३,५५०६२२, ५४००२९,५९०४४,५९०५५५

**इमेलः** info.moeap@lumbini.gov.np
moeap5.temp@gmail.com

**वेवसाईटः** moeap.lumbini.gov.np